# “सरकारी नीज क्षेत्र साझेदारी (म्याचिङ्ग फण्ड) कार्यक्रम सञ्चालन कार्यविधि २०७४”

| | |
|---|---|
| सभाबाट स्वीकृत मिति | २०७४ । १० । ०३ |

चौतारा साँगाचोकगढी नगरपालिका

सिन्धुपाल्चोक

३ नं. प्रदेश, नेपाल

# सरकारी नीज क्षेत्र साझेदारी (म्याचिङ्ग फण्ड) कार्यक्रम सञ्चालन कार्यविधि २०७४

**प्रस्तावनाः**

नेपालको संविधानको भाग-१७ मा स्थानीय कार्यपालिका सम्वन्धी व्यवस्था रहेकोछ। संविधानको धारा २२९ मा स्थानीय सञ्चित कोष सम्वन्धि व्यवस्था रहेको छ। उक्त धारामा स्थानीय तह अन्तर्गतका प्रत्येक गाउँपालिका र नगरपालिकामा एक स्थानीय सञ्चित कोष रहनेछ। त्यस्तो कोषमा गाउँपालिका वा नगरपालिकालाई प्राप्त हुने सबै प्रकारको राजस्व, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा गाउँपालिका वा नगरपालिकाले लिएको ऋण रकम र अन्य स्रोतबाट प्राप्त हुने रकम जम्मा हुनेछ। भनि उल्लेख भएकोछ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद दफा ११ मा स्थानीय तहको काम कर्तव्य र अधिकार सम्वन्धी व्यवस्था गरेकोछ। दफा ११ को छ मा स्थानीय स्तरका विकास योजना तथा परियोजना सम्वन्धी व्यवस्था रहेकोछ। विकास कार्यक्रम तथा आयोजना सम्वन्धमा नीति तथा कानुन तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन सम्वन्धि व्यवस्था रहेकोछ।

यस चौतारा साँगाचोकगढी नगरकार्यपालिकाले स्थानीय वासकिो सरोकार र सहभागितालाई विकास निर्मार्णमा नगर र नागरिकसंग संगै भन्ने उद्धेश्यका साथ सरकारी नीजि क्षेत्र तथा स्थानीय संघ संस्था एवं समिति वीच साझेदारी गरेर जाने नीति लिएकोछ।

यस नगरपालिकाको प्रथम नगरसभावाट भएको निर्णय सम्वन्धमा मिति २०७४ कार्त्तिक १६ मा भएको विशेष नगरसभाको वैठकको निर्णयानुसार स्थानीय तहमा विकास निर्माणका कार्यक्रम सञ्चालन गर्दा नगरवासीहरू संग समन्वय, सहकार्य, साझेदारी र सहलगानीमा गर्ने उद्देश्य रहेको छ।

यस नगरपालिकाको विकास निर्माणका पूर्वाधार तथा मानविय विकास कृयाकलाप सञ्चालनको क्रममा नगरवासीहरूको चाहना, आवश्यकता र नेतृत्वमा गर्ने र विकास निर्माणमा स्थानीय नगरवासीको अपनत्व र स्व अनुभूति बढाई दिगो विकासमा टेवा पुऱ्याउने रहेकोछ।

यस न.पा.को प्रथम नगरसभा वैठकवाट स्थानीय स्तरवाटनै पूर्वाधार तथा लक्षित कार्यक्रम संचालनको लागि स्रोत जुटाई स्थानीय उपभोक्ता समिति, दातृनिकाय, संघ संस्था तथा साझेदारी गर्न चाहने पक्षसंग साझेदारीगरी विकास निर्मार्णका कार्यमा एकिककृत विकासको अवधारणालाई नगरको जराधारतह देखिनै मूर्तरूप दिनकालागि म्याचिङ्ग फण्ड शिर्षकमा नगरसभावाट फण्ड स्विकृति गरी साझेदारीमा कार्यक्रम /विकास योजना सञ्चालन गर्ने नीतिलाई प्रोतसाहन गरिएकोछ।

म्याचिङ्ग फण्डमा मौज्दात रहेको रकमवाट स्थानीय माग अनुसार पूर्वाधार विकासका कृयाकलापहरूमा साझेदारी गर्दै विकासमा सरकारी तथा नीजि क्षेत्र र स्थानीय उपभोक्ताको समेत संलग्नता बढाई नगरपालिकाको नेतृत्वमा नगरको विकासमा एकिकृत अभियान बढाउनका लागि उक्त म्याचिङ्ग फण्डमा मौज्दात रकमवाट साझेदारी गर्दै

स्थानीय नागरिकको समेत सहभागितालाई सुनिश्चित गर्दै विकास निर्माणका कार्य अगाडी बढाउने नीति अनुरूप यस कार्यविधि तयार पारिएकोछ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१.१. "**सरकारी नीजि क्षेत्र साझेदारी (म्याचिङ्ग फण्ड) कार्यक्रम सञ्चालन कार्यविधि २०७४**" रहेकोछ

१.२. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

क. अध्यक्ष भन्नाले उपभोक्ता समितिको अध्यक्षलाई सम्झनु पर्दछ ।

ख. उपाध्यक्ष भन्नेले उपभोक्ता समितिको उपाध्यक्षलाइ सम्झनु पर्दछ ।

ग. सचिव भन्नेले उपभोक्ता समितिको उपाध्यक्षलाइ सम्झनु पर्दछ ।

घ. कोषध्यक्ष भन्नेले उपभोक्ता समितिको उपाध्यक्षलाइ सम्झनु पर्दछ ।

ङ. सदस्य भननाले उपभोक्ता समितिको सदस्यलाइ सम्झनु पर्दछ ।

च. समिति भन्नाले उपभोक्ता समिति सम्झनु पर्दछ ।

**३. सार्वजनिक नीजि क्षेत्र साझेदारी कार्यक्रमः**

३.१. नगरपालिका भित्रको विकास निर्माण कार्यलाई स्थानीय नगरवासीहरु संगको समन्वय, सहकार्य तथा सह लगानीमा सञ्चालन गर्दै विकास निर्माणका कार्यमा स्थानीय नगरवासीको अपनत्वको भावना अगाडी बढाउनका लागि सार्वजर्निक नीजि क्षेत्र साझेदारी कार्यक्रम पारित गरी कार्यान्वयनमा ल्याईएको हो । थोरै लगानीमा धेरै उपलव्धी हासिल गर्ने, विकास निर्माणमा जनसहभागिता अभिवृद्धि गर्ने, दिगो र टिकाउ पुर्वाधार निर्माणमा स्थानीय सहभागिता सुनिश्चित गर्ने एवं नगरपालिका र नगरवासीहरुको विचमा साझेदारीताको विकास गर्नका लागि विशेष नगरसभाको वैठकवाट सार्वजनिक नीजि क्षेत्र साझेदारी कार्यक्रमका लागि बजेट स्विकृत गरी कार्यक्रम सञ्चालन गर्ने निर्णय भएको हो ।

३.२. **स्थानीय उपभोक्ता समितिवाट कम्तिमा ३०% रकम जम्मा गरेको सुनिश्चित हुनु पर्ने ।**

नगरपालिकाको तर्फवाट आह्वान गरिने सार्वजनिक नीजि क्षेत्र साझेदारी कार्यक्रम संचालन गर्न चाहने उपभोक्ता समितिले समितिको नाममा वैङ्क खाता खोली लागत ड्रीष्टमेटको कम्तिमा ३०% रकम खातामा जम्मा गरेको प्रमाणि निदेदन साथ संलग्नु गर्नु पर्नेछ ।

**४. सार्वजनिक नीजि क्षेत्र साझेदारी कार्यक्रमवाट देहाय अनुसारको क्षेत्र र विषयका योजनाहरू चौतारा साँगाचोकगढी नगरपालिका भित्र सञ्चालन गर्न सकिनेछ ।**

- स्थानीय सडक तथा पर्यटन/पदमार्ग

- साना, मझौला तथा ठूला सिचाई
- विद्युतीकरण
- खानेपानी
- सामुदायिक भवन
- कृषि सहकारी भवन
- तरकारी संकलन केन्द्र
- सहकारीले सञ्चालन गरेका सामुदायिक होमस्टेका पूर्वाधार
- सार्वजनिक शौचालय
- नगरकार्यपालिकाले निर्णय गरेका अन्य विषय
- सूचना तथा प्रविधि

**५. उपभोक्ता समितिः**

५.१. सार्वजनिक नीजि क्षेत्र साझेदारी कार्यक्रम सञ्चालनका लागि संम्वन्धित वडा अध्यक्ष वा वडा सदस्यको उपस्थितिमा उपभोक्ता समिति गठन गर्नु पर्नेछ । उक्त समितिमा अध्यक्ष, सचिव वा कोषाध्यक्ष मध्ये १ जना महिला हुनु पर्नेछ । उपभोक्ता समिति कम्तिमा ५ सदस्यीय र बढिमा ११ सदस्सीय हुनु पर्नेछ । उक्त समितिमा १ जना पदाधिकारी सहित कम्तिमा ३३ प्रतिशत महिला हुनु पर्नेछ ।

**६. योजना स्विकृतिका लागि आवश्यक कागजात**

- उपभोक्ता समितिको योजना माग गरेको निवेदन
- वडाको जनप्रतिनिधिको रोहवरमा उपभोक्ता समिति गठन भएको ।
- उपभोक्ता समितिको योजना माग गर्ने सम्वन्धी निर्णय
- उपभोक्ता समितिका पदाधिकारीहरुको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
- सम्वन्धित वडाको सिफारिस
- उपभोक्ता समितिको वैङ्क खातामा कम्तीमा ३०% रकम जम्मा भएको सक्कलै भौचर र वैङ्क स्टेटमेन्ट
- प्राविधिक लागत ईष्टिमेट
- वडा कार्यालय तथा नगरपालिकालाई बुझाउनु पर्ने राजश्व बुझाएको प्रमाण

**७. योजना स्विकृति :**

योजना माग सम्वन्धी निवेदन उपर नगरकार्यपालिका वाट स्वीकृत भएपछि योजना संझौता गरी कार्यान्वयनको प्रकृया सुरु हुनेछ ।

**८. लागत ईष्टिमेट र योजना सम्झौता**

८.१. योजना स्विकृति भए पश्चात नगरपालिकावाट तोकिएको प्राविधिक जनशक्तिवाट लागत ईष्टिमेट तयार गर्न लगाईनेछ ।

८.२. नगरपालिकाको कार्यालयमा कार्यरत प्राविधिक कर्मचारीले तयार गरेको ल.ई. अनुसार नगरपालिकाको योजना शाखावाट तोकिएको ढाँचामा योजना सम्झौता हुनेछ । योजना सम्झौताका लागि अध्यक्ष, कोषाध्यक्ष र सचिवको उपस्थितिमा पदाधिकारी सवैको नागरिकताको प्रमाण पत्रको फोटोकपि पेश गर्नु पर्नेछ ।

**९. अनुगमन तथा मूल्याङ्कन**

नगरकार्यपालिकाको प्राविधिक शाखावाट तोकिएको प्राविधिकवाट आयोजनाको नियमित अनुगमन तथा मूल्याङ्कन हुनेछ । आयोजना सम्पन्न भए पश्चात यस नगरपालिकाद्धारा गठीत अनुगमन समितिको अनुगमन प्रतिवेदन समेत संलग्न गर्नु पर्नेछ ।

**१०. भूक्तानी**

आयोजनाको भूक्तानीका लागि देहायको कागजात पेश गर्नु पर्नेछ ।

- प्राविधिक मूल्याङ्कन प्रतिवेदन
- अनुगमन समितिको प्रतिवेदन
- विल, भर्पाई
- सम्वन्धित वडाको सिफारिस
- अनुगमन तथा सुपरिवेक्षण समितिवाट खर्चको अनुमोदन तथा भूक्तानी सिफारिस ।
- आयोजनाको फोटो तथा प्रतिवेदन ।
- नगरपालिकावाट गठीत अनुगमन समितिको अनुगमन प्रतिवेदन ।

**११. निर्देशन दिन सक्नेः**

चौतारा साँगाचोकगढी नगरपालिकावाट उपभोक्ता समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ । नगरपालिकाको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

**१२. थपघट र हेरफेरः**

चौतारा साँगाचोकगढी नगरपालिकाको कार्यालयवाट आवश्यकता अनुसार यस निर्देशिकामा थपघट र हेरफेर गर्न सक्नेछ ।

**१३. खारेजी तथा बचाउः**

चौतारा साँगाचोकगढी नगरपालिकाको नगरसभावाट यस निर्देशिका खारेज गर्न सक्नेछ ।

**१४. अमान्य हुनेः-**

यस कार्यविधिमा लेखिएको कुनै कुरा प्रचलित कानुनसंग बाझिएको हदसम्म कार्यविधिको व्यवस्था अमान्य हुनेछ ।